सम्बत् २०७८ साल बैशाख २६ गते आइतबार बसेको मुसिकोट नगर कार्यपालिका बैठकका निर्णयहरु

आर्थिक बर्ष २०७७।०७८ बैठक संख्या १३

| क्र. सं. | बिषयगत शाखा / उपशाखा / ईकाइ | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | योजना अनुगमन तथा प्रशासन शाखा | बैठकको प्रारम्भमा त्रिपुरासुन्दरी नगरपालिका डोल्पाका नगर प्रमुख श्री ओमबहादुर वुढाको निधनप्रति हार्दिक श्रदान्जली अर्पन गर्नुको साथै शोकसन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गरियो । नयाँ भेरियन्ट सहितको कोभिड–१९ बाट यस नगरपालिकाका बासिन्दा टेक बहादुर पाण्डेसहित मृत्युहुने आम व्यक्तिहरुको मृतआत्माको चिर शान्तिको कामना, परिवाजनप्रति गहिरो समवेदना, संक्रमित व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै कोभिड महामारी विरुद्धको लडाईमा महत्वपुर्ण योगदान गर्ने स्वास्थ्यकर्मी, जनप्रतिनिधि, सुरक्षाकर्मी, राजनैतिक दल, कर्मचारी, शिक्षक, विभिन्न स्वयम्सेवी संघ संस्था र प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग र सहयात्रा गर्ने आम मुसिकोट बासीलाई बिशेष धन्यवाद व्यक्त गरियो ।<br>१. विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड–१९ को रोकथाम, नियन्त्रण तथा उपचारको लागि आवश्यक व्यवस्था मिलाउन तपशिल अनुसार गर्ने गराउने ।<br>**तपशिल**<br>१. नेपाल सरकार, कर्णाली प्रदेश सरकार, जिल्ला संकट व्यवस्थापन केन्द्र तथा नगरपालिकाबाट भएका निर्णयहरुको कडाइपुर्वक कार्यान्वयन गर्ने गराउने ।<br>२. भारत लगायत तेस्रो मुलुक तथा जिल्ला बाहिरबाट आएका व्यक्तिहरुको वडा कार्यालयहरुले रेकर्ड राख्ने र नगरपालिकालाई उपलब्ध गराउने ।<br>३. वडा कार्यालयले उपभोक्ता समिति, सहकारी, श्रम सहकारी, समुह सहकार्य, आमा समूह लगायत अन्य संघ संगठनलाई परिचालन गर्ने ।<br>४. वडा कार्यालयले प्रत्येक टोल तथा बस्तीको जोखिम विश्लेषण गरी नगरपालिकालाई जानकारी गराउने । वडा अध्यक्ष संयोजक रहने गरी सम्बन्धित स्वास्थ्य चौकीको संयोजक, वडा सचिव, सुरक्षा निकायको प्रतिनिधि र वडा कार्यालयले तोकेको स्थानीय वुद्धिजीवि १ जना रहने गरी वडा स्तरीय कोभिड रोकथाम, नियन्त्रण तथा उपचार समिति गठन गर्ने । वडा कार्यालयले आवश्यकताको आधारमा टोल तथा बस्तीस्तरमा कोभिड रोकथाम, नियन्त्रण तथा उपचारका लागि अख्तियारी सहित समिति गठन गर्ने ।<br>५. स्वास्थ्य चौकी, प्रयोगशाला सहितको स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्रले नियमित रुपमा स्वास्थ्य सेवा प्रवाह गर्ने । कोभिड संक्रमण पहिचान |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | भएका, मिल्दोजुल्दो लक्षण देखिएका व्यक्तिहरुलाई आवश्यक परामर्श दिने थप उपचार तथा परामर्शको आवश्यकता देखिएमा नगरपालिकाको स्वास्थ्य शाखामा सम्पर्क गर्ने ।<br>६. वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा आवश्यक पर्ने स्वास्थ्य सुरक्षाका समाग्रीहरु स्वास्थ्य शाखामा माग गर्ने र स्वास्थ्य शाखाले आवश्यक माग र आपुर्तिको व्यवस्था मिलाउने ।<br>७. नगरपालिकाले राप्ती समाज अस्पतालसँग सम्झौता गरी सन्चालन गरेको ५० बेड क्षमताको आइसोलेसन वेड सहितको अस्पताल असार मसान्तसम्म नगरपालिकाले स्वास्थ्य सेवा कार्यालयसँगको सहकार्यमा सन्चालन गर्ने । सो सम्झौलाई समेत अनुमोदन गर्ने ।<br>८. संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुको पिसिआर तथा एन्टिजिन परिक्षणमा खटिने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई खटिएको दिनमा रु. १०००( एक हजार) भत्ता उपलव्ध गराउने ।<br>९. आइसोलेसनमा खटिने स्वास्थ्यकर्मीलाई नेपाल सरकारले तोकेअनुसारको जोखिम भत्ता काम गरेको दिनको आधारमा उपलव्ध गराउन प्रदेश सरकारलाई अनुरोध गरी पठाउने । प्रदेश सरकारले जोखिम भत्ता व्यवस्था नगरेको खण्डमा नगरपालिकाले व्यवस्था गर्ने ।<br>१०. शव व्यवस्थापनमा खटिने चालकलाई प्रति शव रु. १०००( एक हजार) जोखिम भत्ता उपलव्ध गराउने । कोभिड संक्रमित व्यक्तिलाई जिल्ला बाहिर उपचारका लागि लैजाँदा एमबुलेन्स चालकलाई प्रति पटकका दरले रु. १०००( एक हजार) जोखिम भत्ता अस्पतालको प्रेषण रिर्पोटको आधारमा उपलव्ध गराउने ।<br>११. यस नगरपालिकाका सामुदायिक विद्यालयमा कार्यरत रहेका र यही नगर क्षेत्रमा बसोबास रहेका सबै शिक्षक तथा अन्य विद्यालयका कर्मचारीलाई शिक्षा युवा तथा खेलकुद शाखाले वडा कार्यालयको सम्पर्कमा रहि कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि कार्य गर्ने गरी परिचालनको व्यवस्था मिलाउने निर्णय गरियो ।<br>१२. एन्टिजिन परिक्षणका लागि आवश्यक किट, स्वास्थ्य सुरक्षाका सामाग्री खरिद तथा आवश्यक जनशक्ति परिचालनका लागि आवश्यक पर्ने बजेट उपलव्ध गराउन कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्ने ।<br>२. नेपाल सरकार, कर्णाली प्रदेश सरकार, मुसिकोट नगरपालिका तथा अन्य विभिन्न परियोजना तथा कार्यक्रमबाट सन्चालित योजना तथा कार्यक्रम सम्वन्धित वडा कार्यालयले प्रभावकारी रुपमा सन्चालन हुने व्यवस्था मिलाउने, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न घरपरिवार, रोजगार गुमेका व्यक्ति, कोभिड १९ बाट प्रभावित व्यक्तिलाई प्राथमिकता दिई कामकाज गर्ने व्यवस्था मिलाउने, काम गर्दा स्वास्थ्य सुरक्षाका मापदण्डको अवलम्वन गर्ने, कार्यसम्पन्न भएका योजना तथा कार्यक्रमको भूक्तानी माग गर्ने व्यवस्था मिलाउने आगामी आर्थिक बर्षको लागि टोल तथा |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | बस्तीस्तरबाट प्राथमिकताको आधारमा योजना छनौट गरी नगरपालिकाबाट बजेट सिमा प्राप्त भएपछि वडा कार्यालयहरुले नगरपालिकामा पेश गर्ने गरी कार्य गर्ने । |
| २. | **रोजगार सेवा केन्द्र** | १. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहहरुबाट सन्चालन हुने रोजगारमुलक आयोजनाहरु कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यान्वयनका लागि रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम स्थानीय तहमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा संलग्न गराउने कार्यको लागि विविध कारणबस यस आर्थिक बर्षमा सूचीकरणमा नपरेका तर अधिल्लो आर्थिक बर्षमा सूचीकरण परेका तथा सूचीकरणमा पर्न योग्य रहेका भनि वडा कार्यालयले गरेको सिफारिसको आधारमा काम गरेका व्यक्तिहरुलाई आयोजना कार्यान्वयमा लगाई भूक्तानी हुने व्यवस्था मिलाउने । |

२०७८/०१/२६

प्रमुख प्रशासकिय अधिकृत